
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ३२ गते शुक्रबार ❑ 16 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## स्थानीय उत्पादनमा आधारित होमस्टेहरूलाई मात्र अनुदान दिन्छौं: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराजपाण्डेलेस्थानीयउत्पादनमा आधारित होमस्टेहरूलाई मात्र अनुदान दिने बताउनु भएको छ।

महिला उद्यमी महासंघको आयोजनामा 'महिला उद्यमीहरुले नेतृत्व गरेका वा स्वामित्वमा रहेका व्यवसायहरुको डिजिटाइजेसन र उद्यमशीलता विकासद्वारा महिलाहरुको आर्थिक सशक्तिकरण' परियोजना अन्तर्गत बागलुङका दुई होमस्टे सञ्चालक महिलाहरुलाई दिइएको १५ दिने सिकाई तथा अनुभव आदानप्रदान कार्यक्रमको विहिबार पोखरामा समापन तथा प्रमाण पत्र वितरण कार्यक्रममा बोल्दै उहाँले स्थानिय उत्पादनमा आधारित भएका होमस्टेलाई मात्र अनुदान दिने कार्यक्रम ल्याउने बताउनु भएको हो । प्रदेश सरकारले स्थानिय रुपमा उत्पादनलाई प्रथामिकता दिने होमस्टेहरुलाई प्रोत्साहन गरी अर्गानिक उत्पादनमा जोड दिने गरी सरकारले नयाँ कार्यक्रम ल्याउने उहाँले उल्लेख गर्नुभयो। प्रदेशमा होमस्टेको धेरै सम्भावना भएको दाबी गर्दै मुख्यमन्त्री पाण्डेले यसमा संलग्नहरुलाई तालिम र प्रशिक्षण समेत आवश्यक भएको अबस्थामा सहयोग गर्ने वचन दिनु भयो । महिला उद्यमशीलता विकासका लागि प्रदेश सरकारले आर्थिक, भौतिक र नैतिक सहयोग गर्ने उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले घरवास कायक्रम (होमस्टे) मा पारिवारिक वातावरण हुनुपर्ने बताउनु भयो । होमस्टेमा स्थानिय संस्कृति र स्थानिय उत्पादनसंग जोडिनु पर्ने उहाँको सुझाव थियो।

शहरबाट ब्रोइलर कुखुरा र, टमाटर, तरकारी बोकेर पर्यटकसँगै गाउँमा खान र एक रात सुत्न जानुले होमस्टेको पर्यटन प्रबर्द्धन र स्थानियको आय आर्जनमा खासै फाइदा नहुने मुख्यमन्त्री पाण्डेले दाबी गर्नु भयो। पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेसंगै पोखरा आसपासमा पर्यटनको धेरै सम्भावना भएको नेपाल आउने करिब ७५ प्रतिशत पर्यटक अब पोखरा आउने उहाँले दाबी गर्नुभयो । गण्डकी प्रदेशका सांसद दीपेन्द्रबहादुर थापाले महिलाहरुलाई आत्मनिर्भर बनाउदै यहाँको संस्कृति र प्रकृति बेचेर आर्थिक समृद्धि हासिल गर्न सुझाव दिनु भयो । तालिममा सहभागि सिता थापाले पर्यटकको बसाई अवधि लम्बाउन होमस्टेसंगै पदमार्ग संरक्षण र सम्बर्द्धन गर्न आवश्यक भएको बताउनु भयो । पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारीले महिलालाई उत्पादनमा जोड्ने, उत्पादित सामग्रीको बजारीकरणमा सघाउने अभियानमा सबै लाग्नुपर्ने बताउनु भयो। महिलासंग उपमेयर कार्यक्रम मार्फत यस बर्ष १५ करोड बजेट विनियोजन भएको उहाँले जनाउनु भयो । महिला उद्यमी महासंघका अध्यक्ष शोभा ज्ञवालीले महिला उद्यमशिल बनाउन महासंघले विभिन्न तालिम तथा प्रशिक्षण दिदै आएको दाबी गर्नुभयो। महासंघले स्ट्याण्डर्ड चार्टर्ड बैंकसँगको सहकार्यमा बागलुङको भकुण्डे सामुदायिक होमस्टे र अतिथि सत्कार होमस्टेका सञ्चालक तथा सञ्चालन गर्न ईच्छुकहरुलाई दुई हप्ते व्यवसायहरुको डिजिटाइजेसन सम्बन्धि तालिम दिएको उहाँले जनाउनु भयो ।

महासंघकी कार्यकारी निर्देशक अभिलाषा पौडेलले स्ट्याण्डर्ड चार्टर्ड बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत महिला उद्यमी तथा व्यवसायीहरुलाई उहाँहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनु भयो । महासंघकी तृतीय उपाध्यक्ष तथा च्याप्टर अध्यक्ष बासन्ती प्रधान, महासंघकी सदस्य तथा गण्डकी प्रदेश अध्यक्ष पार्वती पौडेल रेग्मी, कास्की अध्यक्ष सरु बराल, बागलुङ अध्यक्ष उमा शाक्य लगायतले वोल्नु भएको थियो ।

उक्त अवसरमा महासंघले हामेस्टेका प्रत्येक सञ्चालकलाई होमस्टेमा आवश्यक पर्ने म्याट, प्रेसर कुकर, थर्मस, राईस कुकर, किल्ती लगायतको एक/एक थान भाँडाकुँडा तथा दुई होमस्टेलाई दुई/दुई सेट वाद्यवादन सामग्रीहरु समेत प्रदान गरेको अध्यक्ष ज्ञवालीले जनाउनु भयो ।

## गण्डकीमा १७ सय हेक्टरले खुम्चियो रोपाइँको क्षेत्रफल

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

गत वर्ष गण्डकी प्रदेशमा कुल ९७ हजार सात सय ६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो । यस वर्ष भने बर्खे धान खेतीको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटिएको छ। प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्म हालसम्म ९७ दसमलब ५० शुन्य प्रतिशत रोपाइँ सकिएको छ।

९३ हजार छ सय ५१ हेक्टरमा रोपाइँ भइसकेको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले जानकारी दिनुभयो । म्याग्दी र लमजुङमा रोपाइँ सकिएको र बाँकी जिल्लामा अन्तिम चरणमा रहेको उहाँको भनाइ छ। हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धान खेती हुँदै आएको छ। निर्देशनालयका प्रमुख रेग्मीले धान बालीको क्षेत्रफल बर्सेनि घट्दै आएको बताउनुभयो । प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धान खेती हुने गरेको उहाँको भनाइ छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ। निर्देशनालयको तथ्याङ्कअनुसार नवलपुरमा १८ हजार सात सय १६, कास्कीमा १६ हजार दुई सय २०, लमजुङमा ११ हजार आठ सय ७५, गोरखामा १० हजार एक सय ४०, तनहुँमा सात हजार छ सय ७४ हेक्टरमा क्षेत्रफलमा यस वर्ष बर्खे धान लगाइएको छ । यस्तै स्याङ्जामा १४ हजार तीन सय ९०, पर्वतमा सात हजार पाँच सय २५, बागलुङमा पाँच हजार सात सय सात र म्याग्दीमा तीन हजार आठ सय छ हेक्टर क्षेत्रफल धान खेतीले समेटेको छ। धान खेतीका लागि जिल्लामा पकेट क्षेत्र तोकिएको निर्देशनालयले जनाएको छ । गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन्। पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैंडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ । गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुख्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धान खेती गरिन्छ । अघिल्लो वर्षको तुलनामा धान खेतीको क्षेत्रफल घटेपनि गत वर्ष धानको उत्पादकत्व भने बढेको निर्देशनालयका प्रमुख रेग्मीले बताउनुभयो । दुई वर्षअघि प्रतिहेक्टर तीन दशमलव छ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

**रासस**
काठमाडौं, ३० साउन

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ।

बिहीबार बसेको निगम सञ्चालक समितिको बैठकले शुक्रबारदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय गरेको हो। निगमले पेट्रोलको मूल्य प्रतिलिटर रु पाँच तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर रु तीन घटाएको जनाएको छ । निगमका अनुसार पहिलो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ६७ रहेकामा रु एक सय ६२ कायम भएको छ । दोस्रो वर्गका लागि प्रतिलिटर रु एक सय ६९ रहेकामा रु एक सय ६४ र तेस्रो वर्गका लागि प्रतिलिटर रु एक सय ७० रहेकामा रु एक सय ६५ कायम गरिएको छ।

साथै डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि रु एक सय ५५ रहेकामा रु एक सय ५२ कायम गरिएको छ । साथै दोस्रो वर्गका लागि रु एक सय ५७ रहेकामा रु एक सय ५४ र तेस्रो वर्गका लागि रु एक सय ५८ रहेकामा रु एक सय ५५ कायम गरिएको निगमले जनाएको छ।

## मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रतिवेदन प्रदेश प्रमुख समक्ष प्रस्तुत

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्ट समक्ष गण्डकीका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा (पौडेल) ले मुख्य न्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन विहीबार एक कार्यक्रमका बीच हस्तान्तरण गर्नुभएको छ।

प्रदेश प्रमुख भट्टले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारका मुख्यमन्त्रीको कानुनी सल्लाहकार रहेकाले सरकारको न्यायिक कामकारबाहीमा पूर्ण जिम्मेवाररहनेबताउनुभयो।उहाँले भन्नुभयो - 'प्रदेश सरकारलाई कानुनी सवालमा कहिँकतै चुक्न नदिई सजग गराउन मुख्य न्यायाधिवक्ताको भूमिका रहन्छ। कानुनको व्यवहारिक प्रयोगमा सुधार गर्दै जानुपर्ने विषयमा पनि राय प्रदान गर्नेमा विश्वस्त छु।'

कार्यक्रममा मुख्य न्यायाधिवक्ता शर्माले वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने कानुनी प्रावधान अनुसार गत आर्थिक वर्षमा सम्पादन गरिएका कार्यहरुको संक्षिप्त विवरण पनि प्रस्तुत गर्नुभयो ।

मुख्य न्यायाधिवक्ता शर्माले कार्यालयले प्रदेश सरकारलाई विभिन्न विधेयकहरुमा निर्माणमा सहयोग गरेको, स्थानीय तहका न्यायिक समितिको क्षमता अभिवृद्धि सम्बन्धी तालिमका साथै बाल सुधार गृह र कारगार निरिक्षण, कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो । प्रदेश न्याय सेवा आयोग गठन र प्रदेश कानुन निर्माण भएपछि स्थानीय अदालत गठन हुने विषय संविधानले उल्लेख गरेको जनाउँदै उहाँले संघीयता खर्चिलो भएको भनिरहँदा स्थानीय स्तरमा अदालत पुग्दा झनै खर्चभार बढाउनेतर्फ सचेत रहनुपर्ने धारणा राख्नुभयो। उहाँले प्रदेशलाई सशक्त बनाउनुपर्ने तर देशको व्ययभार घटाउन मुख्य न्यायाधिवक्ताहरुको भेलाबाट सरकारलाई सुझाव प्रदान गरिएको पनि बताउनुभयो ।

नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ ले मुख्य न्यायधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्न प्रदेश प्रमुख कार्यालयबाट मुख्यमन्त्री कार्यालयलाई पठाउनेछ । कार्यालयले वर्ष भरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार बादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरिएको संक्षिप्त विवरण, मुद्दा मामिलामा गरिनुपर्ने सुधारको विवरण लगायत प्रतिवेदनमा उल्लेख गर्दछ।






## बाढीपहिरोलगायतका विपद्मा परी आजसम्म १७५ को मृत्यु

**रासस**
काठमाडौं, ३१ साउन

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायतका विपद्मा परी बिहीबार दिउँसोसम्म एक सय ७५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

पहिरोलगायत विपद्मा परी काठमाडौँ उपत्यकामा तीन जना, कोशी प्रदेशमा २७ जना, मधेस प्रदेशमा आठ जना, बागमती प्रदेशमा ३१ जना, गण्डकी प्रदेशमा ५४ जना, लुम्बिनी प्रदेशमा ३३ जना, कर्णाली प्रदेशमा आठ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा एक सय ७५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो।

उहाँकाअनुसार बाढीपहिराबाट काठमाडौँ उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३७ जना, मधेस प्रदेशमा ११ जना, बागमती प्रदेशमा २३ जना, गण्डकी प्रदेशमा ४६ जना, लुम्बिनी प्रदेशमा १३ जना, कर्णाली प्रदेशमा ५५ जना र सुदूरपश्चिम प्रदेशमा २८ जना गरी जम्मा दुई सय २४ जना घाइते भएका छन्।

बाढीपहिराबाट काठमाडौँ उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा तीनजना, कर्णाली प्रदेशमा दुईजना र सुदूरपश्चिम प्रदेशमा पाँच जना

बाँकी अन्तिम पृष्ठमा ▶▶

# भारतीय स्वतन्त्रताको लडाईमा नेपालीद्वारा दिइएको बलिदान अभूतपूर्व : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले भारतीय स्वतन्त्रताको लडाईमा नेपालीद्वारा दिइएको बलिदान अभूतपूर्व भएको बताए ।

७८ औं भारतीय स्वतन्त्रता दिवसका अवसरमा भारतीय राजदूतावास पेन्सन वितरण कार्यालय पोखराले बिहीबार आयोजना गरेको स्वतन्त्रता दिवस समारोहलाई उदघाटन गर्दै मन्त्री थापाले यस्तो बताएका हुन् । "भारतको विकासमा नेपालको ठूलो योगदान छ । चाहे भारतको स्वतन्त्रताको लडाइँमा होस् वा भारतीय सीमाको सुरक्षामा, नेपालीद्वारा दिइएको बलिदान अभूतपूर्व छ ।", उनले भने । नेपाल-भारत सम्बन्ध प्राचीन भएको बताउँदै उनले गौरवपूर्ण अतीतले भरिएको उल्लेख गरे । नेपालको भौगोलिक विशिष्टता तथा समान आर्थिक-सामाजिक परिवेशका कारण हिन्दुस्तानका प्रायः सबै राज्यसँग कुनै न कुनै प्रकारको सम्बन्ध भएको उनले बताए । मन्त्री थापाले नेपाल भारतको एउटा महत्वपूर्ण छिमेकी भएको बताए । सदियौं पुरानो नागरिक सम्बन्ध र विश्वास, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धहरू दुवै देशका लागि निकै महत्वपूर्ण भएको भनाई उनको छ । भारतले द्विपक्षीय सहयोग अन्तर्गत स्वास्थ्य र शिक्षाको क्षेत्रमा गरेको सहयोगको मन्त्री थापाले प्रशंसा गरेका छन् । ७८ वर्षअघि अंग्रेज साम्राज्यबाट अलग भएको भारत अहिले एउटा बलियो गणतन्त्रात्मक विश्वशक्तिको रूपमा स्थापित भइसकेको छ । उक्त कार्यक्रममा कार्यवाहक कार्यालय प्रमुख मेजर नारायंकर अश्विनीकुमार अशोकले झन्डोतोलन गर्नु भएको थियो । विश्वको सबैभन्दा ठूलो लोकतन्त्रका रूपमा भारतको सफलता संसदीय राजनीतिक पद्धतिको स्थायित्वको उदाहरण मानिन्छ । यसैगरी भारतीय राजदूतावास पेन्सन वितरण कार्यालय पोखराबाट नेपालका ६० हजार भूपूहरुले पेन्सन सुविधा लिइरहेका छन् । यसैगरी भारत सरकारले नेपालको स्वास्थ्य, शिक्षा, खानेपानी, भौतिक पूर्वधार र अन्य विकासमा सहयोग गर्दै आईरहेको छ ।

# बाटुलेचौरमा यस वर्ष पनि ऐतिहासिक तिज मेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



पोखरा १६ स्थित बाटुलेचौरमा यस वर्ष पनि ऐतिहासिक बाटुलेचौर तिज मेला हुने भएको छ ।

परम्परागत रूपमा हुदै आइरहेको तिज मेला यसअघि स्थानीय हिमालय क्लबले गर्दै आएकोमा क्लवले मेला संचालन गर्न नसक्ने जनाएपछि वडाको सक्रियतामा आगामी भदौ २० गते बाटुलेचौर खेल मैदानमा तिज मेलाको आयोजना गरिएको वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले जानकारी दिए ।

वडा कार्यालयले पुर्ब आयोजक संस्था हिमालय क्ल, बाताबरण संरक्षण क्लब, नागरिक समाज, विन्ध्यवासिनी मा.बि. का प्रतिनिधी तथा मेलाका पुर्व संयोजकहरु समेतको उपस्थितिमा मेला संचालन सम्बन्धि छलफल गराएको थियो । उक्त छलफलले पनि महिलाहरुको बिशेष चाड भएकाले महिला समूह मार्फत कार्यक्रम गर्न सुझाव दिएको र सोही अनुरूप मेला संचालन गर्न लागिएको वडा अध्यक्ष तिमिल्सिनाले जानकारी दिए ।

शाहकालिन इतिहास जोडिएको बाटुलेचौर तिजमेलाले मुलुककै पुरानो संस्कृति धानेकाले पनि मेलालाई निरन्तरता दिन आवश्यक रहेको तिमिल्सिनाको बताए।राजा कुलमण्डल शाहको शासनकाल तिरै पबित्र सेति नदी तथा ठुलीपोखरी नुहाएर आएका महिलाहरुले बाटुलेचौरको मैदानलाइ बिश्रामस्थलको रुपमा प्रयोग गरि गित मार्फत आफ्ना मनका बह पोख्ने थलोको रुपमा उक्त स्थानलाइ लिएका थिए ।

स्थानिय बडहरबोट आमा समूह आयोजक रहने मेलाको सह आयोजकका रुपमा वडा भरिकै आमा समूह रहने आयोजक समूहकी अध्यक्ष कमला तिमिल्सिनाले बताइन।बडा प्रतिनिधी तथा स्थानियहरुले महिलाहरुप्रति गरेको बिश्वास कायम राख्दै मेलालाई सफल बनाउन वडा भरिका महिलाहरु उत्साहित रहेको पनि उनले बताइन। बडा स्थित महिला, बालबालिका तथा अपागं लक्षित कार्यक्रम हेर्ने जिम्मेवारी पाएकी जन प्रतिनिधी राजकुमारी बानियालाई भेलाले उक्त कार्यक्रमको संयोजकमा चयन गरेको छ। संयोजक बानियाँले सवैको सहयोग र सहकार्यवाट ऐतिहासिक तिज मेला सम्पन्न गर्नेगरी तयारी शुरु गरिएको बताईन। सामाजिक बिभेद बिरुद्द सामाजिक रुपान्तरण अभियन्ता तथा दलित महिला सदस्य मन्जु नेपालीले मेलामा बिभिन्न समूह बिच तिज गित प्रतियोगिताको साथमा अन्तर बिद्यालय नृत्य प्रतियोगिता पनि गरिने जानकारी गराइन।राष्ट्रीय ह्याण्डबल खेलाडी बिशाल बस्नेतको नेतृत्वमा ह्याण्डबल प्रतियोगिता संचालनका लागी समेत तयारी भइरहेको उनको भनाइ थियो।वडा शिक्षा समितिका अध्यक्ष समेत रहेका वडाध्यक्ष तिमिल्सिनाले कार्यक्रम उदघाटनकै अवसरमा वडा भित्रका उत्कृष्ट बिद्यालय सम्मान कार्यक्रमका साथ विद्यावारिधि गरेका बडा भित्रका नागरिकहरुलाइ शैक्षिक सम्मान समेत गरिने जानकारी दिए ।

मेलामा तिजको परम्परागत हम्काइलो भाका समेत प्रस्तुत गरिने बताइएको छामेलाको तयारी स्वरुप वडा भित्रका आमा समुहले आन्तरिक तयारी तिब्र पारेका छन्।

# पुरस्कार पाएको रकम विद्यालयलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन




पोखराका शिक्षासेवी नरनाथ भट्टराईले सम्मान वापत पाएको रकममा थप गरी विद्यालयलाई सहयोग गर्नुभएको छ ।

बाटुलेचौर निवासी भट्टराईले जोर्ज जोन शिक्षा प्रतिष्ठानवाट सम्मानित हुँदा प्राप्त गर्नुभएको नगद १० हजारमा, १० हजार थप गरी नगद २० हजार रुपैयाँ स्थानीय विन्ध्यवासिनी माविलाई सहयोग गर्नुभएको हो । विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष समेत रहनु भएका भट्टराईले विद्यालयको शैक्षिक विकासका लागि विहीबार सो रकम बराबरको चेक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्य र सहायक प्रधानाध्यापक रामबहादुर बानियाँलाई हस्तान्तरण गर्नुभयो। कार्यक्रममा भट्टराईले विद्यालय राष्ट्रिय स्तरको नमुना विद्यालयको रूपमा चिनिएको मा खुसी व्यक्त गर्दै, आफुले गरेको सहयोग सानो भएपनि यसले महत्व राख्ने बताउनुभयो। प्रधानाध्यापक आर्चायले भट्टराईले विद्यालयका हरेक गतिविधिमा सहयोग पुर्याउदै आउनुभएको भन्दै उहाँको सम्मानले विद्यालयको पनि गौरव बढेको बताउनुभयो

सहायक प्रधानाध्यापक बानियाँले उहाँमा अन्तर्निहित, उदारमना, एवं परोपकारी भावनाको उच्च मुल्यांकन गर्दै कार्यको प्रशंसा गर्नुभयो।भट्टराई जोर्ज जोन शिक्षा प्रतिष्ठानको २८ औं बार्षिकोत्सवको अवसरमा, शिक्षासेवीको रूपमा सम्मानित हुनुभएको थियो ।

## गण्डकीमा ...

मेट्रिक टन धान उत्पादन भएकामा गत वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ७३ मेट्रिक टन धान उत्पादन भएको उहाँको भनाइ छ । समयमै वर्षात् र रासयनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्न बिउविजन आदि कारणले धानको उत्पादकत्व वृद्धि भएको उहाँले बताउनुभयो । प्रतिकुल मौसम, मल अभाव, कमसल बिउविजन जस्ता कारणले धानको उत्पादकत्वमा ह्रास आउने गरेको छ । धान खेतीको क्षेत्रफल घट्नुमा घरघडेरीका नाममा धानको उब्जाउ क्षेत्र नासिनु पहिलो कारण रहेको निर्देशनालयका प्रमुख रेग्मीले भनाइ छ । जग्गा बाँझो छाड्ने प्रवृत्ति र खेतीयोग्य जमिनमा बस्ती तथा पूर्वाधार विकासले गर्दा धान खेतीको क्षेत्रफल बर्सेनि घट्दै गएको उहाँले बताउनुभयो ।

"सिँचाइ, खेती प्रणालीमा सुधार, रोककिरा नियन्त्रण, उन्नत बिउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके किसानले थोरै क्षेत्रफलमा पनि धेरै धान फलाउन सक्छन्", निर्देशनालयका प्रमुख रेग्मीले भन्नुभयो ।

# थप पाँच प्रदेशमा क्यान्सर उपचार सेवा विस्तार कार्यविधि स्वीकृत

**रासस**
काठमाडौं, ३० साउन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले थप पाँच प्रदेशमा क्यान्सर उपचार सेवा विस्तार निर्णय गरेको छ ।

यसका लागि मन्त्री प्रदीप पौडेलले अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि २०८१ स्वीकृत गर्नुभएको उहाँको सचिवालयले जनाएको छ । मन्त्री पौडेलले पदभार सम्हालेलगत्तै गत असार ३१ गते आफ्नो पहिलो निर्णयमा राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति २०२४-३० स्वीकृत गर्नुभएको थियो । उक्त रणनीतिले सातवटै प्रदेशमा क्यान्सरको परीक्षण तथा निदान गर्ने लक्ष्य लिएको थियो । कार्यविधि स्वीकृत भएपछि चितवनको भरतपुर क्यान्सर अस्पताल, भक्तपुरको भक्तपुर क्यान्सर अस्पताल तथा नेपालगञ्जको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले देशका अन्य भागमा विस्तारित क्यान्सर उपचार सेवा उपलब्ध गराउने भएका छन् । कार्यविधिअनुसार भक्तपुर क्यान्सर अस्पतालले कोशी प्रदेशमा विराटनगर अस्पताल र मधेस प्रदेशमा नारायणी अस्पताल वीरगञ्जमा क्यान्सरसम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराउनेछ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरले गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णालीको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिमको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा उपलब्ध गराउनेछ । यससँगै देशका सातवटै प्रदेशमा क्यान्सर उपचारसम्बन्धी सेवाको पहुँच विस्तार भएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।


## सुर्तीजन्य पदार्थका तत्कालिन असर

**सुर्तीजन्य पदार्थको सेवनले:**

- झुम्म पार्ने,
- मस्तिष्क सुस्त हुने,
- रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल)को मात्रा बढ्ने,
- आँखा, घाँटी र मुखमा अप्ठ्यारो महसुश हुने,
- हात काम्ने,
- पेटमा अम्लको मात्रा बढ्ने,
- छालाको तापक्रम घट्ने,
- मुटुको धड्कन बढ्ने

जस्ता तत्कालिन असरहरु देखिन सक्ने भएकोले सूर्तीजन्य पदार्थको सेवन नगरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## बाढीपहिरो ...

गरी जम्मा एक सय १३ जनाको उद्दार गरिएको प्रवक्ता कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "बाढी पहिरोमा परी कोशी प्रदेशमा दुईजना, मधेश प्रदेशमा एक जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपशिचिम प्रदेशमा एक जना गरी ४९ जना वेपत्ता भएका छन् ।" बाढीका कारण दुई सय ८६ वटा घर, एक सय पाँच वटा गोठ, ४९ वटा पुल, दुई वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । बाढी पहिरोमा परी आजसम्म आठ सय २० वटा पशु चौपायको मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार चार सय ७२ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिनुभयो ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

